## हिमालयन डिष्टिलरी लिमिटेड, पर्साको

## २४ (चौविसौं) वार्षिक साधारण सभाको निर्णय

यस कम्पनीको संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहको सभापतित्वमा मिति २०८१ साल पौष २८ गते (12th, January 2025) आईतवार विहान १०:०० वजे देखि ११:३० वजे सम्म विरगंन्ज म.न.पा. वडा नं.२१, लिपनिविर्ता पर्सा स्थित कम्पनीको रजिर्ष्टड कार्यालयमा सम्पन्न **चौविसौं बार्षिक साधारण सभामा** भएका छलफल तथा निर्णयहरु र अन्य कामकारवाही विवरण देहाय बमोजिम रहेका छन् ।

**१. उपस्थिती:**

**(क) सभामा उपस्थित संचालक समितिका सदस्यहरु :**

| | |
|---|---|
| १. श्री अखिलेश्वर प्रसाद सिंह | अध्यक्ष |
| २. श्री शंकरराज पाण्डे | संचालक |
| ३. श्री साण्टु श्रेष्ठ | संचालक |
| ४ श्री याङकिला शेर्पा (रुईत) | संचालक |
| ५. श्री प्रकाशमणी घिमिरे | स्वतन्त्र संचालक |

संचालक श्री नरेन्द्र कुमार वस्न्यात् स्वास्थ्य समस्याका कारणले स्वयं उपस्थित हुन नसकेको जानकारी प्राप्त भएको व्यहोरा अवगत गराइयो ।

**(ख) उपस्थित अन्य पदाधिकारीहरु :**

| | |
|---|---|
| १. श्री निरज सुबेदी | प्रमूख कार्यकारी अधिकृत |
| २. श्री नविन उपाध्याय | कारखाना प्रवन्धक |

**(ग) आमन्त्रीत:**

| | |
|---|---|
| १. श्री घनश्याम पौड्याल | जि.पौड्याल एण्ड एसोसियट्स, चार्टड एकाउन्टेण्टस् (लेखा परीक्षक) |

**(घ) शेयरधनीहरुको उपस्थिती :**

(१) शेयरधनीहरु स्वयं तथा प्रोक्सी मार्फत उपस्थिती संख्या : ३० जना

(२.) शेयरधनीहरुको उपस्थिती (प्रतिनिधित्व)संख्याको प्रतिशत: ६१ %

(३.) सभामा उपस्थित शेयर संख्याको प्रतिनिधित्व :१,६२,९४,५७५ कित्ता

(४.) जम्मा सभामा उपस्थित हुन पाउने शेयर शंख्या : २,६७,२५,२३३.१५ कित्ता

(घ) **यस सभामा सहभागी हुन पाउने शेयरधनीहरुको कूल संख्या २,६७,२५,२३३.१५ मध्ये उपस्थित शेयरधनीहरु सवै सभामा उपस्थित हुन योग्य रहनु भएको थियो ।**

**२. छलफलका विषयसूची :**

**क. सामान्य प्रस्तावहरु :**

१.संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने आ.व. २०८०।०८१ को वार्षिक प्रतिवेदनलाई पारित गर्ने ।

२. कम्पनीको आ.ब.२०८०/०८१ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्वीकृत गर्ने ।

३. यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि.र हिमालयन फिसरीज लि.को आ.व. २०८०।०८१ को वित्तीय विवरण सहितको एकिकृत (**Consolidated**) वित्तीय विवरण उपर छलफल गरी स्विकृत गर्ने ।

४. संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिको ५ प्रतिशतले हुने नगद लाभांश रु १३,३६,२६,१६५।७५ (अक्षरुपी तेह्र करोड छत्तिस लाख छब्बिस हजार एक सय पैंसट्ठी रुपैया पचहत्तर पैसा मात्र) ( लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने ।

५. आ.व.२०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका SAR Associates, Chartered Accountants लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका SAR Associates, Chartered Accountants नियुक्तीका लागि योग्य हुनु हुन्छ) ।

६. Passion Cooler नामक ब्राण्ड लगायतका RTD ब्राण्डहरु उत्पादनका लागी श्री बिजय डिष्टिलरी प्रा. लि. सँग Trademark Licensing Agreement गर्ने ।

**ख. विषेश प्रस्तावहरुः**

७. संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको १५ प्रतिशत (कायम १० शेयरमा १.५ बोनस) का दरले हुने रु.४०,०८,७८,४९७।२५ (अक्षरुपी चालिस करोड आठ लाख अठहत्तर हजार चार सय सन्तानब्बे रुपैया पच्चिस पैसा मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्विकृत गर्ने ।

८. कम्पनीको साविकको अधिकृत पूजीं रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरब मात्र) बाट रु. रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) कायम गर्न स्विकृत गर्ने ।

९. साविकको चुक्ता पूंजिं रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) लाई वृद्धि गरी रु ३,०७,३४,०१,८१२।२५ (अक्षरुपी तीन अरब सात करोड चौतिस लाख एक हजार आठ सय बाह्र रुपैंया पच्चिस पैसा मात्र) कायम गर्न स्विकृत गर्ने ।

१०. साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्न स्विकृत गर्ने । ।

११. कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने ।

१२. आ.व.२०८१।०८२ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।

१३. विविध ।

**३. सूचना प्रकाशन, गणपुरक संख्या तथा सभाको बैधानिकता :**

कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम यस कम्पनीको चौविसौं वार्षिक साधारण सभाको सभा हुने मिति, समय, स्थान र छलफल गर्ने बिषय खोलि सबै शेयरधनीहरुलाई जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ८४(४) बमोजिम संक्षिप्त वार्षिक आर्थिक विवरण र साधारण सभा सम्वन्धि सूचना समेत राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक अर्थात मिति २०८१ पौष ०६ गतेको कान्तिपुर राष्ट्रिय दैनिक र मिति २०८१ पौष ७ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरि सूचित गरिएको साथै कम्पनी ऐन, २०६३ को दफा ७३ (२) र कम्पनीको नियमावलीको नियम १३(ग) बमोजिम सभाको काम कारवाही अगाडि वढाउनका लागी कूल वाडफाड भएको शेयर संख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये ३ (तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्ने व्यवस्था रहेकोमा प्रस्तुत सभामा शेयरधनी स्वयंम वा प्रतिनिधी मार्फत जम्मा ३० जना शेयरधनीको प्रतिनिधित्व भएको साथै सभामा भाग लिन पाउने जम्मा शेयर संख्याको ५० भन्दा बढी प्रतिशत प्रतिनिधित्व यस सभामा भएकोले कम्पनी ऐन तथा कम्पनीको नियमावलीको व्यवस्था बमोजिम गणपुरक संख्या पुगेको र यो सभा कम्पनी ऐन, यस कम्पनीको नियमावली बमोजिम वोलाईएको कुरा यकिन गरी आजको सभा वैधानिक भएको जानकारी सभामा गराईयो । साथै यस सभाका लागी आवश्यक कानून बमोजिमका सबै प्रकृया पुरा भएकोले संचालक समितिका अध्यक्ष श्री

अखिलेश्वर प्रसाद सिंहले सभाको सभापतित्व ग्रहण गरि छलफलका विषयसूची उपर छलफल निर्णय गर्नका लागि सभा आरम्भ गरियो ।

४. **सभाको आरम्भ :** मिति २०८१ मंसिर २३ गते बसेको संचालक समितिको निर्णयबाट प्रस्ताव गरिए बमोजिम चौविसौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्ताव गरिएका विषयहरुलाई छलफल र निर्णयार्थ पेश गरिएको व्यहोरा सभाका सभापतिवाट सभालाई जानकारी गराईयो ।

५. **प्रतिवेदन प्रस्तुत :** यस कम्पनीको सभामा प्रस्तुत गरिएका उपरोक्त विषयहरुको सन्दर्भमा सभाका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंहले सभामा उपस्थित शेयरधनी एवं कम्पनीका पदाधिकारी एवं अन्य उपस्थित माहानुभावहरुलाई सभामा उपस्थित भई यस साधारण सभाको गरिमा वढाई दिनु भएका सबैलाई स्वागत अभिवादन गर्दै आ.व. २०८०।०८१ को संचालक समितिको तर्फवाट प्रस्तुत गरिएको बार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो । तत् पश्चात, सभाका सभापति ज्यूले सभा समक्ष कम्पनीको आ.व. २०८०।०८१ को लेखा परीक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव, मुनाफा मिलान, नाफा नोक्सान वाडफाड हिसाव, नगद प्रवाह विवरण, हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेड समेतको एकिकृत आय व्याय विवरण, आ.व. २०८१।०८२ को लागि लेखा परीक्षकको नियुक्ती र निजको पारीश्रमिक निर्धारण, कम्पनीले संचालक समितिको नगद लाभांस र वोनस शेयर वितरण गर्ने प्रस्ताव र सो नगद लाभांस र वोनस शेयर वितरण पश्चात कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीहरुमा हुने संसोधन, Passion Cooler नामक ब्राण्ड लगायतका ब्राण्डहरु उत्पादनका लागी श्री बिजय डिष्टिलरी प्रा. लि. सँग Trademark Licensing Agreement गर्ने लगायतका सभामा प्रस्तुत सामान्य प्रस्ताव तथा विषेश प्रस्तावहरु उपर छलफलका लागि प्रस्तुत गर्नु भई सो उपरको छलफलमा भाग लिन तथा कम्पनीको कारोबार सम्बन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तव्य, सुझाव तथा जिज्ञासाहरु व्यक्त गर्नका लागि शेयरधनीहरुलाई आव्हान गर्नु भयो ।

६. **सभाबाट भएका निर्णयहरु :**

क. **सामान्य प्रस्तावहरु:**

१. **आ.व.२०८०/०८१ को संचालक समितिको वार्षिक प्रतिवेदनलाई पारित गर्ने :** प्रस्तुत प्रतिवेदन उपर सभामा विस्तृत छलफल भई सर्व सम्मतीबाट पारित गर्ने निर्णय गरियो ।

२. **कम्पनीको आ.ब.२०८०/०८१ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाब सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने :** लेखा परीक्षकको प्रतिवेदन सहितको २०८१ अषाढ मसान्त सम्मको वासलात तथा आ.व. २०८०।०८१ को नाफा–नोक्सान हिसाब र नगद प्रवाह विवरण लगायतका वार्षिक वितीय विवरण उपर छलफल गरि सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

३. **यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लि. र हिमालयन फिसरीज लि. को आ.व. २०८०।०८१ को वित्तीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरणलाई स्विकृत गर्ने :** यस कम्पनीको सहायक कम्पनीहरु : हिमालयन मल्टी एग्रो लिमिटेड र हिमालयन फिसरीज लिमिटेडको आ.व.२०८०/०८१ को वितीय विवरण सहितको एकिकृत (Consolidated) वित्तीय विवरण माथि छलफल गरी सर्व सम्मत रुपमा स्विकृत गर्ने निर्णय गरियो ।

४. **संचालक समितिले सिफारिस गरे बमोजिम हाल कायम चुक्ता पूंजिंको ५ प्रतिशतले हुने नगद लाभांश रु १३,३६,२६,१६५।७५ (अक्षरुपी तेह्र करोड छत्तिस लाख छब्बिस हजार एक सय पैंसठ्ठी रुपैंया पचहत्तर पैसा मात्र) (लाभांश कर प्रयोजनार्थ समेत) वितरण गर्न स्विकृत गर्ने :** चौविसौं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०८१ पौष १८ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको ५ प्रतिशतले हुने नगद लाभांश रु.१३,३६,२६,१६५।७५ (अक्षरुपी तेह्र करोड छत्तिस लाख

छब्बिस हजार एक सय पैंसठ्ठी रुपैंया पचहत्तर पैसा मात्र)(लाभांश कर प्रयोजनार्थ समेत) मात्र वितरण गर्न स्विकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

५. **आ.व.२०८१/०८२ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा लेखा परीक्षण समितिबाट समेत सिफारिस भई आएका SAR Associates, Chartered Accountants लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका SAR Associates, Chartered Accountants नियुक्तीका लागि योग्य हुनु हुन्छ) :**
कम्पनी ऐन, २०६३ को दफा १११(३) को प्रावधान अनुसार आ.व. २०८०।०८१ सम्मका लागि नियुक्ती हुनु भएका लेखा परीक्षक जी. पौड्याल एण्ड एसोसिएट्स, चार्टण्ड एकाउण्टेण्टस् लगातार तीन वर्ष सम्म नियुक्ती हुनु भएको हुनाले निजलाई नियुक्त गर्न ऐन, नियम अनुसार नमिल्ने भएकाले लेखा परीक्षण समिति तथा संचालक समिति समेतको सिफारिस बमोजिम कम्पनीको आ.व.२०८१।०८२ को लेखा परीक्षकमा SAR Associates, Chartered Accountants लाई नियुक्ती गर्ने र लेखा परीक्षण सम्वन्धि कार्य गरे वापत कर वाहेक रु.४,५०,०००।०० (अक्षरुपी चार लाख पचास हजार मात्र) पारिश्रमिक निर्धारण गर्ने निर्णय सर्व सम्मत गरियो ।

६. **Passion Cooler नामक ब्राण्ड लगायतका RTD ब्राण्डहरु उत्पादनका लागी श्री बिजय डिष्टिलरी प्रा. लि. सँग Trademark Licensing Agreement गर्ने :** यस साधारण सभाको निर्णय अनुसार यस कम्पनीका नाममा दर्ता कायम रहेका Golden Oak, Black Oak, Blue Oak लगायतका ब्राण्डहरुको उत्पादन गर्ने कार्यका लागि सम्झौता सम्पन्न भई उल्लेखित ब्राण्ड मध्ये केहि ब्राण्ड आवश्यक्ता अनुसार विजय डिष्टिलरी प्रा.लि. नवलपरासी र रोलिङ्ग रिभर डिष्टिलर्स प्रा.लि., चितवनवाट उत्पादन समेत भई रहेको सभालाई जानकारी नै रहेको विषय भएकाले पछि पनि कम्पनीको आय आर्जन र लगानीकर्ताको लगानी सुरक्षितताको सुनिश्चित गर्नका लागि आवश्यक्ता अनुसार कम्पनीका नाममा दर्ता कायम भएका Golden Oak, Black Oak, Blue Oak, Silver Oak, Shlok, Passion Cooler लगायतका अन्य RTD ब्राण्डको मदिराहरु समेत उत्पादन तथा विक्री वितरण, नविकरण गर्नका लागि उल्लेखित उद्योगहरुसंग **Trademark Usage Agreement** सम्पन्न गरी कार्य गर्न वा नविकरण गर्नका लागि कम्पनीको संचालक समितिलाई अधिकार प्रदान गर्ने निर्णय सर्व सम्मतीले भयो । प्रस्तुत प्रस्ताव उपर छलफल र निर्णयमा सम्वद्ध पक्ष सहभागी रहनु भएन ।
यसै गरी यस कम्पनी र फुड एण्ड वेभरेज टेक्नोलोजी रिसर्च सेन्टर प्रा.लि. वीच सम्पन्न साविकको सम्झौता वमोजिम यस कम्पनीमा हालै जडित माल्ट स्प्रिट उत्पादन युनिटका लागि आवश्यक प्राविधिक ज्ञान उक्त कम्पनीवाट लिई यस सभाले यसै अघि स्विकृती दिएको सम्झौताको शर्तनामा अनुसार नै माल्ट स्प्रिट उत्पादन गर्ने कार्य समेत अघि वढाउने निर्णय गरियो । साथै यस सम्वन्धमा तत्काल कुनै निर्णय गर्नु पर्ने परेमा सो गर्न समेत संचालक समितिलाई अख्तियार दिने निर्णय गरियो ।

**ख. विषेश प्रस्तावहरु:**

७. **संचालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पूजिंको १५ प्रतिशत (कायम १० शेयरमा १.५ बोनस) का दरले हुने रु.४०,०८,७८,४९७२५ (अक्षरुपी चालिस करोड आठ लाख अठ्हत्तर हजार चार सय सन्तानब्बे रुपैंया पच्चिस पैसा मात्र) बराबरको बोनस शेयर वितरण गर्न स्विकृत गर्ने :** चौविसौ वार्षिक साधारण सभा प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तीका वन्द हुनु अघि सम्म अर्थात मिति २०८१ पौष १८ गते सम्म कायम शेयरधनीहरुले हाल कायम चुक्ता पूंजिको १५ प्रतिशतले हुने रु.४०,०८,७८,४९७२५ (अक्षरुपी चालिस करोड आठ लाख अठ्हत्तर हजार चार सय सन्तानब्बे रुपैंया पच्चिस पैसा मात्र) वरावरको वोनस शेयर वितरण गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

८ **कम्पनीको साविकको अधिकृत पूजीं रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरब मात्र) बाट रु. रु. रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) कायम गर्न स्विकृत गर्ने :** संचालक समितिले सिफारिस बमोजिम कम्पनीको शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णयवाट कम्पनीको साविकको

अधिकृत पूँजी रु.३,००,००,००,०००।०० (अक्षरुपी तीन अरव मात्र) बाट वृद्धि गरि रु.३,५०,००,००,०००।०० (अक्षरुपी तीन अरब पचास करोड मात्र) कायम गर्न स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

९. **साविकको चुक्ता पूंजिं रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) लाई वृद्धि गरी रु ३,०७,३४,०१,८१२।२५ (अक्षरुपी तीन अरब सात करोड चौतिस लाख एक हजार आठ सय बाह्र रुपैंया पच्चिस पैसा मात्र) कायम गर्न स्विकृत गर्ने** : संचालक समितिको सिफारिस बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णयलाई यस सभाले पारित गरि सकेको हुनाले सो पारित निर्णय अनुसार यस कम्पनी साविकको चुक्ता पूंजिं रु.२,६७,२५,२३,३१५।०० (अक्षरुपी दुई अरव सतसठ्ठी करोड पच्चिस लाख तेईस हजार तीन सय पन्ध्र मात्र) बाट वृद्धि भई रु ३,०७,३४,०१,८१२।२५ (अक्षरुपी तीन अरब सात करोड चौतिस लाख एक हजार आठ सय बाह्र रुपैंया पच्चिस पैसा मात्र) कायम हुने भएकाले सो कायम गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

१०. **साविकमा कायम भएको अधिकृत पूजीं र चुक्ता पूजींमा बृद्धी/संसोधन हुने हुनाले कम्पनीको प्रवन्ध पत्रकोदफा ५(क), (ख), (ग) तथा नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा संसोधन गर्न स्विकृत गर्ने** : संचालक समितिले सिफारिस गरे बमोजिम कम्पनीका शेयरधनीहरुलाई वोनस शेयर वितरण गर्ने निर्णय भए अनुसार कम्पनीको साविकको अधिकृत पूँजी र जारी पूँजींमा वृद्धि हुने निर्णय सर्व सम्मतिले भएको तपशिलमा उल्लेख भए बमोजिम कम्पनीको प्रवन्ध पत्रको दफा ५(क), (ख), (ग) र नियमावलीको नियम ५(क), (ख), (घ) र (ङ) मा देहाय अनुसार संसोधन गर्ने निर्णय गरियो ।

**प्रवन्ध पत्रको दफा ५(क), ५(ख) र ५(ग) मा कायम भएको संसोधित व्यवस्था:**

**दफा ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु.३,५०,००,००,०००।०० (तीन अरब पचास करोड) हुनेछ । उक्त पूँजीलाई रु.१००।०० का दरले ३,५०,००,००० (तीन करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । हाल प्रिफरेन्स शेयर सम्वन्धि कुनै व्यवस्था गरिएको छैन ।

**दफा ५(ख) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु.३,०७,३४,०१,८१२।२५ (तीन अरव सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) हुनेछ ।

**दफा ५(ग) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको जारी पूँजी मध्ये ३,०७,३४,०१८.१२ थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**नियमावलीको नियम ५(क), ५(ख), ५(घ) र ५(ङ) मा कायम भएको संसोधित व्यवस्था:**

**नियमावलीको नियम ५(क) मा कायम संसोधित व्यवस्था:**

कम्पनीको अधिकृत पूँजी रु.३,५०,००,००,०००।०० (तीन अरब पचास करोड) हुनेछ ।

**नियमावलीको नियम ५(ख)मा कायम संसोधित व्यवस्था:**

HIMALAYAN DISTILLERY LIMITED

कम्पनीको जारी पूँजी र चुक्ता पूँजी रु.३,०७,३४,०१,८१२।२५ (तीन अरब सात करोड चौतीस लाख एक हजार आठ सय वाह्र पैसा पचीस मात्र) हुनेछ ।

**नियमावलीको नियम ५(घ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले आफनो जारी पूँजीलाई ३,०७,३४,०१८.१२ कित्ता साधारण शेयर विभाजन गरी जारी गर्नेछ । हाल प्रिफरेन्स शेयर सम्वन्धि व्यवस्था गरिएको छैन ।

**नियमावलीको नियम ५(ङ) मा कायम संसोधित व्यवस्था:**

कम्पनीले तत्काल जारी गरेको पूँजी मध्ये ३,०७,३४,०१८.१२ कित्ता शेयर सर्व साधारण शेयरधनीहरुले ग्रहण गर्नेछन ।

११. **कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हुने संसोधन सम्वन्धमा नियमनकारी निकायबाट कुनै फेरवदल सुझाव आएमा सो अनुसार गर्न संचालक समितिलाई अख्तियार प्रदान गर्ने :** कम्पनीको तेईसौं वार्षिक साधारण सभामा भएको निर्णय अनुसार कम्पनीका प्रवन्ध पत्र तथा नियमावलीमा आवश्यक फेरवदल वा संसोधन, थप आदिका विषयमा अभिलेख गर्ने क्रममा नियमनकारी निकायबाट कुनै संसोधन, राय सुझावहरु आएमा सो सुझाव अनुसार गर्नका लागि वा यस निर्णय अनुसार नियमनकारी निकायबाट निर्णय, स्विकृती वा अभिलेख आदी गर्न गराउनका लागि केही संसोधन फेरबदल गर्नुपरेमा सो सम्बन्धी आवश्यक कार्य गर्न यस कम्पनीको संचालक समितिलाई सम्पुर्ण अख्तियारी दिने निर्णय सर्व सम्मत रुपमा पारित गरियो ।

१२. **आ.व.२०८१।०८२ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीको लागि विषेश प्रस्ताव पारित गर्ने ।**

प्रस्तुत विषयमा छलफल गर्दा आ.व.२०७७।०७८ मा रु.३,७९,७५३।००, आ.व.२०७८।०७९ मा रु. २,१०,७००।००, आ.व.२०७९।०८० मा रु १,५१,०११।०० र आ.व.२०८०।०८१ मा रु.२,०३,५३५।००.मात्र कम्पनी ऐन, २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरेको शिर्षकमा खर्च भएको कम्पनीको वासलात, नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहितको लेखा परीक्षण प्रतिवेदनबाट देखिएता पनि भविष्यमा पर्न सक्ने आवश्यकता र परिस्थीतिलाई मध्यनजर गरि चालु आ.व.२०८१।०८२ का लागि उक्त शिर्षकमा रु.१५,००,०००।०० सम्मको खर्च पूर्व स्विकृतीका लागि संचालक समितिबाट समेत सिफारिस भई आएकोले सो वमोजिमको खर्चलाई पूर्व स्विकृत प्रदान गर्ने निर्णय सर्व सम्मतीले गरियो ।

१३. **विविध :** प्रस्तुत विषय उपर कुनै जिज्ञासा तोकिएको समय भित्र प्राप्त नभएको सभामा जानकारी गराईयो ।

अन्त्यमा, यस सभाका सभापति श्री अखिलेश्वर प्रसाद सिंहले उपस्थित सम्पूर्ण शेयरधनीहरु, आगन्तुक पाहुनाहरु, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्रकारहरु र कम्पनी व्यवस्थापनका कर्मचारी एवं कारखानामा कार्यरतं श्रमिकहरुलाई सभा संचालन कुशलता पूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै सदैव सहयोग, सदभाव र सुझावहरुको अपेक्षाका साथ आजको वार्षिक साधारण सभा समापन गर्नु भयो ।

............................

अखिलेश्वर प्रसाद सिंह
संचालक समितिका अध्यक्ष तथा सभाका सभापति
मिति: २०८१।०९।२८
कम्पनीको छाप:

HIMALAYAN DISTILLERY LIMITED

............................

निशा निरौला
कम्पनी सचिव
मिति: २०८१।०९।२८